# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :- २०८१।०८२
चलानी नम्बर :-

मिति: २०८२/०१/११

सूचना । सूचना ॥ सूचना ॥।

### साना सिंचाई कार्यक्रम अन्तर्गत बोरिङ्ग र बिद्युत मिटर जडान गर्ने कृषकहरुलाई बिद्युतीय मोटर वितरण कार्यक्रममा निबेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०१/११**

प्रस्तुत विषयमा यशोधरा गाँउपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत कृषि बिकास शाखा बैदौली कपिलवस्तुको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत साना सिंचाई कार्यक्रम अन्तर्गत बोरिङ्ग र बिद्युत मिटर जडान गर्ने कृषकहरुलाई बिद्युतीय मोटर वितरण कार्यक्रम संचालन गर्न यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुमा गठित कृषि विकास समितिको मिति २०८२/०१/०५ गते बसेको बैठकको निर्णय अनुसार यस यशोधरा गाँउपालिकाको कार्यक्षेत्र भित्रका इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्महरुले उक्त कार्यक्रममा निवेदन पेश गर्नका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तपशील अनुसारका कागजातहरु संलग्न राखी यशोधरा गाउँपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुमा पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै दर्ता म्यादको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट दर्ता गरिने तथा रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निबेदनहरु छनौट प्रकृयाका लागि समाबेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशील

| क्र.सं. | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १. | साना सिंचाई कार्यक्रम अन्तर्गत बोरिङ्ग र बिद्युत मिटर जडान गर्ने कृषकहरुलाई बिद्युतीय मोटर वितरण कार्यक्रम | कृषकको १५ प्रतिशत र गा.पा.को ८५ प्रतिशत लागत साझेदारीमा |

**पेश गर्नु पर्ने कागजातहरु**

१ .निवेदन पेश गर्दा रु.१० को टिकट टाँस गरी तोकिए बमोजिमको ढाँचामा निवेदन ।

२. कृषक समुह/ कृषि सहकारी/ कृषि फार्मको हकमा संस्था नबीकरण सहित दर्ता प्रमाण,आ.ब.२०८०/०८१ को कर चुक्ता समेतको प्रतिलिपी ।

३. राजस्व वापत फिर्ता नहुने गरी रु.३००।(तीन सय) यस गा.पा.मा तिरेको नगदी रसीद ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. कृषक समुह/ कृषि सहकारीको निर्णय प्रतिलिपी ।

७. कृषक समुह/ कृषि सहकारीको हकमा अध्यक्ष , सचिवको फोटो र नागरिकताको प्रतिलिपी ।

८. कृषक समुह/कृषि सहकारीको हकमा यस कार्यक्रममा समाबेश हुनाको लागि कम्तीमा ३ बिघा र कृषक/कृषि फार्मको हकमा कम्तीमा १ बिघा जग्गाको प्रमाण पत्रको प्रतिलिपी ।

**नोट : बिस्तृत जानकारीको लागि यस यशोधरा गाँउपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुबाट जानकारी लिन सकिने छ ।**

२०८२/१/११

ऋषभ देव खनाल .
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ
श्री सूचना तथा प्रविधि शाखा :- वेबसाइटमा अपलोड गरिदिनु हुन्